# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर,चितवन,बागमती प्रदेश

प.सं.०८१/०८२

च.नं. 06

मिति २०८१/०४/१४

**सहकारी संस्था तथा शेयर सदस्यहरूलाई भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको सूचना**

संघिय सहकारी ऐन, २०७४ को दफा ३२ को उपदफा (१) मा कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढि संस्थाको सदस्य हुन नपाउने र ऐन प्रारम्भ हुनुअघि त्यसरी एकभन्दा बढी संस्थाको सदस्य रहेको भए तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्ने कानुनी व्यवस्था भएको व्यहोरा विदितै छ ।

भरतपुर महानगरपालिका नियमक निकाय रही संचालनमा रहेका सहकारी संस्थाहरुले एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थाहरूको सदस्यता लिनुभएको भए तत्काल आफूले छनौट गरेको कुनै एकमात्र सहकारी संस्थाको सदस्यता कायम राखी अन्य सहकारी संस्थाहरूको सदस्यता अन्त्य गर्नुहुन तथा सहकारी संस्थाहरुले आफ्नो सहकारीमा आवद्ध रहेका सदस्यहरुको विवरण **सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS)** मा अनिवार्यरुपमा सदस्य दर्ता गर्नुहुन सूचित गरिन्छ। अन्यथा कानुन बमोजिम कारवाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

२०८१/०४/१४

जिवलाल कुंवर

(वरिष्ठ शाखा अधिकृत)

सहकारी अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: sahakarisakha228@gmail.com / Website: bharatpurmun.gov.np

(मंत्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)